# निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था

शिक्षाशास्त्र संकाय स्नातकोत्तर तह, दोस्रो वर्ष पाठ्यक्रम तथा मूल्याङ्कन
विशिष्टिकरण विषयको Ed.CE (598) शोधपत्र लेखनको
आवश्यकता पूरा गर्नको लागि प्रस्तुत
शोधपत्र

**प्रस्तुतकर्ता**
उमा शाही
एम.एड. दोस्रो वर्ष
परीक्षा रोल नं. : २८००९६/२०६७
त्रि.वि.दर्ता नं. : ९-२-३२६-१५७-२००४

त्रिभुवन विश्वविद्यालय
शिक्षाशास्त्र केन्द्रिय विभाग
कीर्तिपुर, काठमाडौं
२०६९

**त्रिभुवन विश्व विद्यालय**

**शिक्षाशास्त्र, संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह, दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयका छात्रा उमा शाही 'निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था' शीर्षकमा मेरो निर्देशनमा शोध प्रतिवेदन लेखन कार्य पूरा गर्नु भएकोले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : 7th December, 2012

......................................

उप प्राध्यापक यशोधरा पन्त

(शोधनिर्देशक)

पाठ्यक्रम तथा मूल्याङ्कन विभाग

कीर्तिपुर, काठमाण्डौं

**त्रिभुवन विश्व विद्यालय**

**शिक्षाशास्त्र, संकाय**

**पाठ्यक्रम तथा मूल्याङ्कन विभाग**

**कीर्तिपुर काठमाडौं**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि छात्रा **उमा शाही** ले 'निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनको अवस्था' शीर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृतिको लागि सिफारिस भइ आएकोले यो शोधपत्र यस मूल्याङ्कन समितिबाट स्वीकृति प्रदन गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
| --- | --- |
| **प्रा. स्वंयम प्रकाश ज.ब.रा.** | ........................ |
| (विभागिय प्रमुख) | |
| **उप प्रा. यशोधरा पन्त** | ........................ |
| (शोध निर्देशक) | |
| **डा. विश्ववाला थापा** | ........................ |
| (बाह्य परीवेक्षक) | |

मिति : 14 December, 2012

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय केन्द्रिय विभाग पाठ्यक्रम तथा मूल्याङ्कन मूल विषय अर्न्तगत स्नातकोत्तर तह द्वितीय वर्षको आवश्यकता पूरा गर्न निरन्तर विद्यालर्थी मूल्याङ्कन कार्यान्यवनको अवस्था शीर्षकमा यो शोधपत्र प्रतिवेदन तयार गरिएको छ ।

यस शोधपत्र प्रतिवेदनको तयारीको क्रममा समय समयमा आफ्नो अमुल्य समय दिई नियमित सुपरीवेक्षण तथा मार्ग निर्देशन गरिदिनु भइ आवश्यक तथ्याङ्क प्रक्रिया तथा सन्दर्भ सामग्री संकलन गर्न र यस शोधपत्रको प्रारुप तयार पारी अध्ययन कार्यलाई सफल पार्न भरपुर सहयोग सरसल्लाह एवं कुशल निर्देशन प्रदान गर्नु हुने आदरणीय गुरु तथा शोध निर्देशक उप प्रा. श्रीमती यशोधरा पन्त ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । यसैगरी यो शोधपत्र लेखन कार्यमा सहयोग पुऱ्याइ दिनुहुने गुरुहरु स्वयम् प्रकाश ज.ब.रा., श्री किरणराम रञ्जितकार, शिवराज बढू, विश्ववाला थापा लगायत अन्य गुरुहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस अध्ययनको लागि सूचना संकलन गर्नमा आवश्यक सहयोग गर्ने श्री चूरे उच्च मा.वि.र सरस्वती प्रा.वि.का सम्पूर्ण प्र.अ., शिक्षक र विद्यार्थीहरुलाई हृदय देखि नै हार्दिक आभार व्यक्त गर्न चाहन्छु । यसका साथै प्रस्तुत अध्ययन अनुसन्धानका लागि आवश्यक रुपमा उच्च शिक्षा हासिल गराउन आर्थिक एवं अन्य सहयोग गर्नुहुने मेरा घरपरिवार प्रति पनि आभार प्रकट गर्दछु । त्यस्तै सूचना संकलन गर्नको लागि सहयोग गर्नुहुने जतिपनि अभिभावकहरु प्रति आभार प्रकट गर्न चाहान्छु । यस शोधकार्य सम्पादनको शिलशिलामा सहयोग गर्ने मित्रहरु कविता तिमल्सिना, महेश जोशी, ओम नारायण पौडेल, सुदर्शन गौतम, डिल्ली आचार्य र बसन्ती कुवँर प्रति आभारी छु ।

अन्तमा शोधपत्रलाई कम्प्युटर टाइप गरी आवश्यक सहयोग पुऱ्याउनु हुने श्री टि.एन शर्मा ज्यूलाई पनि धन्यवाद दिन चाहन्छु साथै शिक्षाशास्त्र केन्द्रिय विभागका सम्पूर्ण परिवार प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

उमा शाही

शोधकर्ता

# सोधसार

शैक्षिक कार्यक्रमको महत्वपूर्ण पक्ष वा लगानी विद्यार्थी हो । विद्यार्थीमा के कस्ता सिकाइ उपलब्धि वा उद्देश्य अनुसारको उपलब्धि प्राप्त भयो वा भएन भनी हेर्ने प्रक्रिया नै मूल्याङ्कन हो । मूल्याङ्कनले शिक्षण सिकाइको यथार्थ अवस्था पहिचान गर्ने प्रभावकारी साधन हो । मूल्याङ्कनबाट विद्यार्थीहरुले सिकेका र सिक्न नसकेका कुराहरुको जानकारी प्राप्त हुन्छ । यसरी मूल्याङ्कन सिकाइका लागि (Evaluation for Learning) र सिकाइसँगै हुनुपर्छ भन्ने मान्यतामा आधारित मूल्याङ्कन प्रणाली नै निरन्तर मूल्याङ्कन हो । यस मूल्याङ्कन प्रणालीमा विद्यार्थीहरुले गरेका कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, अवलोकन आदिको माध्यमबाट विद्यार्थीको व्यवहारमा आएको परिवर्तनलाई हेरी निरन्तर रुपमा मूल्याङ्कन गरी अभिलेख राख्ने गरिन्छ । यस मूल्याङ्कन प्रणालीमा विद्यार्थीहरुले सिकेका र सिक्न नसकेका कुराहरुको कारण पत्ता लगाएर पृष्ठपोषण दिन र सिकेका कुरामा थप हौसला, प्रोत्साहन दिन र सिकाइस्तर कम भएका विद्यार्थीहरुलाई सुधारात्मक शिक्षण गर्न मूल्याङ्कन गरिन्छ । सरकारले प्राथमिक तहको शिक्षामा ठूलो लगानी गरेको छ तर लगानी अनुसारको प्रतिफल पाउन सकेको छैन यसको प्रमुख कारण भनेको नै मूल्याङ्कन प्रणाली हो । अझै पनि प्राथमिक तहका शिक्षक र विद्यार्थीहरुमा नै मूल्याङ्कन भनेको वार्षिक रुपमा लिइने लिखित परीक्षा नै हो भन्ने अवधारणा रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) अनुसार विद्यार्थीले कक्षागत सिकाइ उपलब्धिहरु पूरा गरे नगरेको, उनीहरुको व्यवहार, प्रवृत्ति, क्षमता, सीपमा अपेक्षित परिवर्तन आए नआएको कुरा थाहा पाउनको लागि बारम्बार गरिने मूल्याङ्कन नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो ।

नेपालमा निरन्तर मूल्याङ्कन प्रणालीको प्रक्रियागत विकासका सम्बन्धमा विभिन्न शिक्षा आयोगका प्रतिवेदनमा उल्लेख गरेको पाइएता पनि वि.सं. २०६३ सालदेखि नै नेपालभरीको सामुदायिक विद्यालयहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गरेको पाइन्छ ।

यो नीति कार्यान्वयन भएको ५/६ वर्ष वितिसक्दा पनि बर्दिया जिल्लामा यसको कार्यान्वयनको अवस्था कस्तो रहेको छ भनि लेखाजोखा गर्न “निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था” शीर्षकमा यो अध्ययन गरिएको थियो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयनको अवस्था शीर्षकमा गरिएको यस अध्ययनको मुख्य उद्देश्य निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्राथमिक तहका शिक्षकहरुले कसरी कार्यान्वयन गरिरहेका छन् भन्ने कुराको लेखाजोखा गर्ने रहेको थियो ।

यो अध्ययन बर्दिया जिल्ला अन्तर्गत बगनाह गा.वि.स.मा रहेका दुईवटा विद्यालय श्री चूरे उ.मा.वि. बगनाह र श्री सरस्वती प्रा.वि. बनविर यो अध्ययन गरिएको छ । यस अध्ययनमा उद्देश्य अनुरुप सूचना संकलन गर्नका लागि छनौटमा परेका विद्यालयका स्रोत व्यक्ति, प्र.अ., शिक्षक र

अभिभावकसँग प्रश्नावली, अन्तरवार्ता, लक्षित समूह छलफल, अध्ययनकै क्रममा कक्षा अवलोकन र दस्तावेज अध्ययन पनि गरिएको थियो । अध्ययनबाट प्राप्त सूचनालाई गुणात्मक र परिमाणात्मक दुबै विधिबाट विश्लेषण र व्याख्या गरिएको छ ।

अध्ययनबाट पाइएको प्राप्ती अनुसार दुबै विद्यालयका केही शिक्षकहरुमा निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धी नीतिगत अवधारणा प्रष्ट रहेको पाइएन । विद्यालयका प्र.अ.हरुले भने निरन्तर मूल्याङ्कन सम्बन्धि तालिम लिइएको पाइयो । आफूले लिएको तालिमको आधारमा शिक्षकहरुलाई जानकारी दिने त गरेको तर केही शिक्षकहरुले नियमपूर्वक कार्यान्वयन गर्ने गरेको तर केही पुराना स्थायी शिक्षकहरुले कार्यान्वयन नगरेका बताएका थिए । यसका लागि नीति नियम बनाउन प्र.अ.लाई बढि जिम्मेवार र पुरस्कार र सजाय दिने व्यवस्था हुनुपर्ने प्र.अ.हरुले बताएका थिए ।

विद्यालयका शिक्षकहरुले निरन्तर मूल्याङ्कन सम्बन्धी सबै शिक्षकहरुले तालिम नपाएको र जिल्ला शिक्षा कार्यालयले विद्यार्थी मूल्याङ्कनको लागि आवश्यक पर्ने सामग्रीहरु सबै विद्यार्थीहरुलाई पुग्ने गरी उपलब्ध नगराएको र विद्यालयले पनि आवश्यकता अनुसार शिक्षकहरु बीचमा छलफल नगराएको बताएका थिए । तैपनि आफूहरुले प्रत्येक दिनको शिक्षण सिकाई क्रियाकलाप पश्चात पाठगत रुपमा सिकेका कुराहरुलाई रेजा पद्धतिबाट मूल्याङ्कन गर्ने गरेको र हरेक त्रैमासिकमा रेजाका आधारमा क, ख, ग श्रेणीमा छुट्याउने गरेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा अधिकांश अभिभावकहरुले विद्यार्थीहरुलाई असफल नगराउने नीतिका रुपमा लिएको पाइयो । यस नीति आएबाट विद्यार्थीहरु माथिल्लो कक्षामा गएपनि केही भन्न नजान्ने भए, उनीहरुमा समस्या पऱ्यो माथिल्लो कक्षामा गएर भनेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि पाठ्यक्रमले निर्धारण गरेको नीति नियममा एउटा कुरा छ तर सर्वेक्षण गरिएका विद्यालयका शिक्षकहरुले उक्त नीति नियमलाई पालना गरेको देखिएन । यसरी निरन्तर विद्यार्थी मूल्याङ्कन नीति प्रभावकारी रुपमा लागू हुन नसक्नुमा विद्यार्थी चाप बढी, स्रोत र साधनको अभाव, विद्यालयको भौतिक तथा व्यवस्थापकीय पक्ष कमजोर, शिक्षकहरु तालिम प्राप्त नहुनु, दक्ष जनशक्तिको अभाव, परम्परागत सोंच जस्ता कारणहरु रहेको पाइयो ।

निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रभावकारी ढंगबाट लागू गर्न विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी प्रदान गरिनुपर्ने, विद्यालयको भौतिक व्यवस्थापन पक्ष बलियो बनाउनुपर्ने, शिक्षकहरुलाई तालिम दिइनुपर्ने, परम्परागत सोंचमा परिवर्तन ल्याइनुपर्ने, सूचना तथा संचार व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने, सम्बन्धीत निकायबाट समय-समयमा अनुगमन तथा निरीक्षण हुन सके प्राथमिक तहमा यो नीति प्रभावकारी ढंगले कार्यान्वयन हुन सक्ने देखिन्छ ।

## विषय सूची


शीर्षक पृष्ठ

सिफारिस पत्र i

स्वीकृति पत्र ii

कृतज्ञता ज्ञापन iii

शोधसार v

विषय सूची vi

**परिच्छेद एक : परिचय १**

१.१ पृष्ठभूमि १

१.२ समस्याको कथन ६

१.३ अध्ययनको औचित्य ७

१.४ अध्ययनको उद्देश्य ८

१.५ अध्ययनको परिसीम ८

१.६ शब्दावलीको परिभाषा ९

**परिच्छेद दुई : साहित्यको पुनरावलोकन १०**

२.१ निरन्तर विद्यार्थी मूल्याङ्कन सम्बन्धि अवधारणा १०

२.२ नीतिगत प्रावधानहरु १२

२.३ सम्बन्धित अध्ययनहरुको समिक्षा १६

२.४ अध्ययनको अवधारणात्मक ढाँचा १९

**परिच्छेद तीन : अध्ययन विधि २०**

३.१ अनुसन्धान ढाँचा २०

३.२ जनसंख्या तथा नमूना छनौट २०

३.२.१ विद्यालय छनौट २१

३.२.२ स्रोतव्यक्ति, प्रधानाध्यापक र शिक्षकको छनौट २१

३.२.३ अभिभावकहरुको छनौट २१

३.२.४ विद्यार्थीहरुको छनौट २२

३.३ अध्ययनका साधनहरुको निर्माण २२

३.३.१ प्र.अ.का लागि अन्तरवार्ता प्रश्नावली २२

३.३.२ शिक्षकका लागि अन्तरवार्ता २२

३.३.३ कक्षा अवलोकन २२

३.३.४ अभिभावकका लागि लक्षित समूह छलफल २३
३.३.५ विद्यार्थीका लागि लक्षित समूह छलफल २३
३.३.६ दस्तावेज अध्ययन २३
३.४ सूचना संकलन प्रक्रिया २३
३.४.१ प्राथमिक स्रोतहरु २३
३.४.२ सहायक स्रोतहरु २४
३.५ साधनको वैद्यता २४
३.६ नीतिगत पक्ष २४
३.७ तथ्याङ्क विश्लेषण प्रक्रिया २४

**अध्याय चार : सूचनाको विश्लेषण र व्याख्या २५**
४.१ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था २५
४.१.१ निरन्तर विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा सरोकारवालाहरुको धारणा २५
४.१.२ निरन्तर विद्यार्थी मूल्याङ्कन र भौतिक व्यवस्थापन पक्ष २७
४.१.३ निरन्तर विद्यार्थी मूल्याङ्कन र शिक्षण सिकाई क्रियाकलाप ३१
४.१.४ विद्यार्थीहरुको सिकाइस्तर बृद्धि गर्न विद्यालयले अपनाएका उपायहरु ३२
४.१.५ निरन्तर विद्यार्थी मूल्याङ्कन र मूल्याङ्कन विधि ३४
४.१.६ निरन्तर विद्यार्थी मूल्याङ्कनमा कार्यसंचयिकाको निर्माण र प्रयोग ३५
४.१.७ निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीको उपस्थितिमा पारेको प्रभाव ३७
४.१.८निरन्तर विद्यार्थी मूल्याङ्कनले शिक्षकको नियमितता पारेको प्रभाव ३७
४.१.९ निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गराउन विद्यालयले अपनाएको प्रक्रिया ३८
४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन नीति कार्यन्वयनमा देखापरेका समस्याहरु ४१
४.३ निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्या समाधानका उपायहरु ४२

**परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष र सुझावहरु ४४**
५.१ प्राप्ती ४४
५.२ निष्कर्ष ४६
५.३ सुझाव ४८

**सन्दर्भसूची ५०**

## अनुसूचीहरु

अनुसूची १ प्र.अ. का लागि असंरचित अर्न्तवार्ता अर्न्तवार्ता कार्यक्रम विवरण ५१

अनुसूची २ शिक्षकका लागि असंरचित अर्न्तवार्ता ५३

अनुसूची ३ अभिभावकका लागि लक्षित समूह छलफल निर्देशिका ५४

अनुसूची ४ विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका ५६

अनुसूची ५ विद्यार्थीको प्रगति विवरण ५७

अनुसूची ६ कक्षा अवलोकन फारम ५८

अनुसूची ७ अध्ययनका लागी छनोट गरिएका विद्यालयहरुको नामावली ५९

अनुसूची ८ अध्ययनका लागी छनोट गरिएका विद्यालयका श्रोत व्यक्ति,
प्र. अ. तथा शिक्षकहरुको नामावली ६०

अनुसूची ९ लक्षित समुह छलफलका लागि छनौट गरिएका विद्यार्थीहरुको नामावली ६१

अनुसूची १० शिक्षण सिकाई क्रियाकलापको विवरण ६२

अनुसूची ११ निरन्तर विद्यार्थी मूल्याङ्कनमा अपनाउने गरिएको निरन्तर मूल्याङ्कन विधि ६३

अनुसूची १२ निरन्तर विद्यार्थी मूल्याङ्कन नीति कार्यान्वयन गराउदा आइपरेका समस्याहरु ६५

अनुसूची १३ समस्या समाधानका उपायहरु ६६